नि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हृ.का.द.नं. ६/०५४/०५५

वर्ष ४३ अंक ५ २०८१ साल भदौं २ गते आइतवार (18 Aug 2024 Sunday) मूल्य रु. ७/-



लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पत्तिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।



*यस अंक भित्र* – **पृष्ठ २ मा :** राजगढ गाउँपालिका कार्यालय ... **पृष्ठ ३ मा :** नेपाली सवारी साधनमा हराउँदै ... **पृष्ठ ५ मा :** देशव्यापी पार्टी बनाउने ... **पृष्ठ ५ मा :** सहकर्मी हत्याको विरोधमा ...


## गर्मीका कारण जनजीवन कष्टकर



**राजविराज**/केहि दिनदेखी बढेको अत्यधिक गर्मीका कारण जनजीवन कष्टकर बनेको छ । बिहानै ३० डिग्रि तापक्रम हुँदै दिउँसोसम्म ४० डिग्री सम्म तापक्रम पुग्न थालेपछी जनजीवन कष्टकर बन्न पुगेको हो ।

भदौं पहिलो साता सुरु भएपनि कहिले काही मात्र पानी पर्दा गर्मी अत्यधिक बढेपछि जनजीवन प्रभावित बन्न पुगेको छ । बेला-बेलामा सामान्य वर्षा भए पनि यस क्षेत्रमा गर्मी घट्न सकेको छैन ।

पानी परेर मौसम उघ्रिनासाथ गर्मी बढ्न थालेको छ । चर्को घामका कारण मध्यान्हमा घर बाहिर निस्कनै मुस्किल पर्ने गरेको स्थानीयले बताएका छन् ।

गर्मीले दिउँसोको समयमा मुख्य बजारका सडक सुनसान हुन थालेका छन् । सरकारी कार्यालयमा सेवाग्राहीको संख्या घटेको छ । गर्मीका कारण विद्यालय, उद्योग व्यवसाय सबै प्रभावित भएका छन् ।

केही दिन यता प्रचण्ड गर्मी र पानी नपर्दा घाउ, खटिरा, आँउमासी, टाईफाईड, ज्वरो, झाडा पाखाला लगायतका रोगका बिरामीको चाप बढ्दै गएको गजेन्द्र नारायण सिह अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. नागेन्द्र यादवले बताए । उनले गर्मीको असरले स्वास्थ्यमा धेरै प्रकारको प्रभाव पार्ने भएकाले आवश्यक सावधानी अपनाउदै बढ्दो गर्मीबाट जोगिन फलफूलको जुस, पानीलगायतका तरल पर्दाथको सेवनलाई बढाउनुका साथै काम नभए दिउँसोको समयमा घरबाहिर नस्किन सर्वसाधारणलाई सुझाव समेत दिए ।

चर्को घाम लाग्ने अनि हावा भने फिटिकै नचल्ने गरेका कारणले गर्मीबाट जोगिन घर बाहिर कमै निस्कने गरेको राजविराज ४ का होटल व्यवसायी शम्भु साहले बताए । उनले भने, घरमा वस्दा पनि गर्मीबाट खासै जोगिन सकिएको छैन । पंखाको हावाले काम गरिरहेको छैन । राती अलि शितल हुनु पर्ने हो, त्यो पनि छैन । गर्मी छल्न पंखा चलाउदा पनि तातो हावा फाल्ने गरेकाले सुत्न पनि निकै गाह्रो हुने गरेको छ ।

यता गर्मी बढेसँगै बजारमा हरेक वर्ष चिसो पेयपदार्थको माग ह्वात्तै बढ्छ र यो वर्ष झनै त्यसको मात्रा बढेको छ । अहिले गर्मी बढेसँगै चिसो पेय पदार्थको बिक्री बढेको छ । अहिले बजारमा उखुको जुस, सर्वत, बरफ, कुल्फी, आइसक्रिमको व्यापार पनि एकाएक बढेको छ ।

## पालिका भवन निर्माणका लागि ९० लाख रकम छुट्याइयो

**राजविराज**/सप्तरीका स्थानीय तहहरुले पालिका संघ भवन निर्माणका लागि आर्थिक सहयोग जुटाउनका साथै शनिबार विभिन्न चार बुँदे निर्णय समेत गरेको छ ।

जिल्लाको बलान बिहुल गाउँपालिकामा बसेको पालिका प्रमुखहरुको नियमित बैठकमा यस्तो निर्णय गरेको हो ।

बैठकमा सहभागि कंचनरुप नगरपालिकाका मेयर ललनप्रसाद गुप्ताले पालिका प्रमुखहरुको बैठक, भेला र विभिन्न कार्यक्रम प्रयोजनका लागि पालिका संघको आफ्नै भवनको आवश्यकता महसुस गरि निर्णय गरेको जानकारी दिए ।

पहिलो चरणमा १८ वटै पालिकाले ५/५ लाख रुँपैया उपलब्ध गराउने र त्यसपश्चात् आवश्यकता अनुसार थप रकमसमेत उपलब्ध गराएर भवन निर्माण कार्यलाई पूर्णता दिने निर्णय भएको बैठकमा सहभागि डाक्नेश्वरी नगरपालिकाका मेयर रामलखन मुखियाले बताए ।

भवन निर्माणका लागि सदरमुकाम राजविराजसित पायक पर्ने राजविराज वा विष्णुपुर गाउँपालिकामा जग्गा प्राप्तिको पहल गर्ने निर्णय समेत भएको छ ।

बलान बिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादवको अध्यक्षतामा आयोजित बैठकले राजगढ गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डल तथा पत्रकारबीच केही दिन अघि भएको विवाद वार्ता, छलफल र आपसी सहमतिबाट


***बाँकी अन्तिम पृष्ठमा***


## मुख्यमन्त्री सिंहद्वारा तेलहा पोखरी निरीक्षण

**जनकपुर**/जनकपुरधामस्थित ऐतिहासिक तेलहा पोखरीमा पानी फोहोरा, 'डिजिटल लाइटिङ' तथा पोखरी डिलमा व्यवस्थित विश्रामस्थल बनाइने भएको छ ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले शनिबार धार्मिक महत्व रहेको तेलहा पोखरीलगायत स्थानको अवलोकनपछि सो जानकारी दिदै जनकपुरधाममा आउने आन्तरिक तथा बाह्य पर्यटकलाई आध्यात्मिक आनन्द तथा मनोरम अनुभूतिका लागि पोखरीमा पानी फोहोरसँगै डिजिटल लाइटिङ राख्न


***बाँकी अन्तिम पृष्ठमा***



साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित इमेल, सन्देश र लिङ्कहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरूबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं,
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रूपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : सुरुङ्गा नगरपालिका, सप्तरी

## सम्पादकीय

### सहकार्य आवश्यक

दाइजोका कारण धैरै जसो महिलाहरुले कष्ट भोग्नु परिरहेको छ। महिला हिंसाका धैरै स्वरुप मध्ये दाइजो पनि एक हो । कतिले त ज्यानै दिनुपर्ने अवस्था समेत आएको छ । पवित्र दाम्पत्य बन्धनलाई किनबेचको अवस्थामा ल्याई पुऱ्याउनु अवश्य पनि सभ्य समाजका लागि दुःखदायी र चिन्ताको विषय हो । हुने गरेको अधिकांश विवाहमा दाइजोको लेनदेन भएर मात्रै वैवाहिक सूत्र बन्धनमा बाँध्ने गरेका छन् ।

पुरुषको शैक्षिक स्तर र आर्थिक अवस्थाका आधारमा उसको दाइजोको मोल तय हुने गर को छ। जति धैरै पढेको वा जति धैरै आर्थिक रुपमा सम्पन्न, त्यति धैरै दाईजोको माग । दाइजोले महिला सम्मानलाई समेत चोट पुऱ्याइर हेको र दाइजो दिन नसक्ने अवस्था भएको कतिपय अभिभावकहरु छोरी जन्माउनु परेकामा आफ्नो कर्मलाई सराप्दछ। तर, यो दोष छोरी भएर जन्मनु वा छोरी जन्माउनुका नभएर ति धनलोलुपहरुको हो जसले आफ्ना छोराको मोल भाउ गरेर दाइजो माग्ने गर्दछन् ।

महिलामाथिको हिंसा यसै बढेको छ र त्यसमाथि दाइजो रुपी हिंसाले महिलाहरुलाई अझै पीडामा पारेको छ। महिलाहरुले सशक्त भई यस्ता विकृति विरुद्ध कम्मर कसेर लाग्नुपर्ने बेला आएको छ। महिलाहरुका यस्तो कार्यमा पुरुषहरुले समेत समन्वय र सहकार्य गर्नुपर्ने आजको आवश्यक्ता पनि हो ।

# राजगढ गाउँपालिका कार्यालय परिसरमा धर्ना

**राजविराज**/विभिन्न ८ बुंदे माग अघि सार्दै शुरु गरेको आन्दोलन कार्यक्रम अन्तर्गत बुधबार सप्तरीको राजगढ गाउँपालिका कार्यालय परिसरमा धर्ना दिइएको छ।

गाउँपालिकाका जनप्रतिनीधी तथा गाउँवासीले बहुमत नपुऱ्याई गरिएको गाउँसभा रद्धसहित सो माग राख्दै धर्ना दिइएको हो ।

कार्यालय खुल्ना साथ उनीहरु कार्यालय भवनको मुल गेटमै धर्ना बसेका हुन् । गेटमै धर्ना बसेका कारण कर्मचारीहरु समेत कार्यालयमा छिर्न पाएका थिएनन् । जसले गर्दा बुधबार कार्यालयको कामकाज समेत प्रभावित भएको थियो ।

क्यान्सर रोगले पीडित विरामी सोही गाउँपालिका वडा नं. ५ का अध्यक्ष ७३ वर्षिय दुःखिलाल भन्ने देवेन्द्र प्रसाद साहको नेतृत्वमा पुगेको अन्य जनप्रतिनीधी तथा गाउँवासी सो धर्नामा बसेका छन् ।

यसअघि विधि विधान मिचेर गरिएको गाउँसभा रद्द गरि पुनः नयाँ मिति तोकेर अर्को गाउँसभा गर्न माग गर्दै पालिका अध्यक्ष मण्डललाई गत मंगलबार उनीहरुले ज्ञापनपत्र समेत बुझाएका थिए ।

त्यसअघि सदरमुकाम राजविराजमा पनि प्रर्दशन गर्दै स्थानीय प्रहरी प्रशासन प्रमुखलाई गाउँपालिकामा ऐन कानुन मिचेर गरिएको गाउँसभा बदरका लागि पहल गर्न माग गर्दै ज्ञापनपत्र बुझाएका थिए ।

आन्दोलनरत पक्षधरले गत साउन १० गते सम्पन्न पालिकाको १३ औं गाउँसभा ऐन कानुन विपरित भएको दावीसहित उक्त गाँउसभाबाट पारित निर्णयहरु यथास्थितीमा राखी गाउँसभा बदर तथा अर्को नयाँ मिति तोकेर पुनः गाउँसभा गर्नू पर्ने प्रमुख माग अघि सारेका छन् ।

त्यसैगरि गाउँपालिकाका अध्यक्ष ओम प्रकाश मण्डलले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६५ र दफा ६७ बमोजिम समितिबाट निर्णय नै नगराई मनपरी र एक पक्षिय ढंगले गाउँसभा गरेकाले सो बदर नगरिए चरणबद्ध आन्दोलनमा जाने चेतावनी समेत दिइएको छ।

गाउँसभामा कुल ३४ जना कार्यपालिका सदस्य रहेकोमा १ जनाको निधन भई हाल ३३ जना सदस्य कायम छन । जस मध्ये १७ जनाले गत साउन १० गते सम्पन्न गाउँसभालाई अवैधानिक भन्दै ज्ञापनपत्रमा हस्ताक्षर गरी अर्को गाउँसभा गर्नु पर्ने माग गरेका छन ।

पालिकाको ०७९/०८० र ०८०/०८१ को आय-व्यय तथा लेखा परिक्षण प्रतिबेदन सार्वजनिक गर्नु पर्ने, पालिकामा कार्यरत कर्मचारीको बिवरण उपलब्ध गराउनु पर्ने, पालिकाकाको आफ्नै एउटा स्कारपियो हुदा हुदै थप २ बटा स्कारपियो गाडी भाडामा लिनुको कारण खुलाउनु पर्ने तथा करार पदमा नियुक्त भएका स्वयसेवक शिक्षक तथा प्रशासनिक सहायक पदका कर्मचारीहरुले लामो समय देखी नपाएको तलब सुबिधा यथासिघ्र उपलब्ध गराउनु पर्ने लगायतका माग पनि उनीहरुले अघि सारेका छन् ।

# वार्ता र सम्वादको माध्यमबाट समस्या समाधानका लागि आग्रह

**राजविराज**/चार पत्रकार संघ संगठनहरुले वार्ता र सम्वादको माध्यमबाट समस्या समाधानका लागि आग्रह गरेको छ ।

राजगढ गाउँपालिकामा पत्रकारहरुमाथी भएको दुर्व्यबहार घटनाप्रति नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष बिनयकुमार लाल कर्ण, प्रेस चौतारीका अध्यक्ष डम्बर राई, समाजवादी प्रेस संगठनका अध्यक्ष अनिल पोखरेल र प्रेस सेन्टर सप्तरीका उपाध्यक्ष बिन्दु यादबद्वारा मंगलबार जारि संयुक्त विज्ञप्ति मार्फत सो आग्रह गरेका हुन् ।

"नेपाल पत्रकार महासंघको नेतृत्वमा दुबै पक्षलाई बार्तामा बस्न र हाम्रा पीडित पत्रकार साथीहरुलाई न्यायको अनुभूती हुने गरी समस्याको समाधान खोज्न आग्रह गर्दछौं ।" विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा "कानूनले पनि सामाजिक न्यायलाई नै पहिलो प्राथमिकतामा राख्ने गरेको हाम्रो देश र समाजको परिवेशमा सामाजिक न्याय मै जानु उत्तम रहने भएको महसुश गरी बार्ता र सम्बादको माध्यमले हाम्रा पीडित पत्रकार साथीहरुलाई न्यायको अनुभूती गराउन सरोकारवाला सबै पक्षमा यसै विज्ञप्ति मार्फत आग्रह गर्दछौं ।" उल्लेख छ ।

गत साउन २२ गते राजगढ गाउँपालिका सप्तरीमा समाचार संकलनका लागि पुगेका नेपाल पत्रकार महासंघ सप्तरीका सचिव रामनारायण विश्वास, कोषाध्यक्ष नबीन कुमार गुप्ता र सदस्य विद्यानन्द राम संग त्यस गाउँपालिकाका अध्यक्ष ओमप्रकाश मंडल सहित ६ जनाले गरेको दुर्व्यहारप्रति विज्ञप्तिमार्फत पुनः खेद व्यक्त समेत गरिएको छ ।

यसअघि गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले पत्रकार साथीहरुसंग अप्रत्यासित रुपमा भएको घट्नाप्रति दुःख व्यक्त गर्दै बार्ता र सम्बादको माध्यमबाट समस्याको समाधान गर्न आग्रह सहितको प्रेस विज्ञप्ति जारी गरेको साथै जिल्ला समन्वय समिति सप्तरीले पनि राजगढ गाउँपालिकामा पत्रकारहरुसंग भएको दुःखद घट्ना प्रति दुःख व्यक्त गर्दै बार्ता र सम्बादको माध्यमबाट निकास खोज्न प्रेस विज्ञप्ति मार्फत आग्रह गरेको थियो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




अनुरोधकर्ता : विष्णुपुर गाउँपालिका, सप्तरी

# नेपाली सवारी साधनमा हराउँदै छ नेपाली भाषा

**सूर्यकुमार पण्डित**

हाल नेपालका सडकमा गुड्ने नेपाली सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट राख्न सुरु गरिएको छ । यो इम्बोस्ड नम्बर प्लेटमा सूचना सम्प्रेषण गर्ने चिप्स, त्यसैको माथि अंगेजी लेटर 'एनईपी' (छोटकरीमा नेपाल बुझाउने) लेखिएको छ र त्यसको माथि नेपालको झन्डा रहेको छ ।

त्यो चिप्समा सम्बन्धित सवारी साधनका सूचना (जस्तै : सवारी धनीका बिवरण, राजस्व तिरे वा नतिरेको रेकर्ड र त्यो सवारी साधनको दुर्घटना तथा चोरीसम्बन्धी रेकर्ड) रहेका हुन्छन् । त्यसको दायाँतिर अंग्रेजी अल्फाबेट लेखिएको छ । ती अल्फाबेटले सवारी साधनको लट नम्बर जनाउँछ भनिएको छ । त्यसको तल अंग्रेजीमा चार अङ्कमा सवारी-साधनको नम्बर लेखिएको छ । हाल यो इम्बोस्ड नम्बर नयाँ दर्ता हुने र नामसारी गरिने सवारी-साधनमा मात्र क्रमशः कार्यान्बयन गरिएको छ । यस्तो इम्बोस्ड नम्बर प्लेटमा नेपाली भाषाका अक्षर वा अङ्क प्रयोग गरिएको छैन, धन्न नेपालको राष्ट्रिय झन्डासम्म राखिएको छ ।

**पुराना नम्बर**

हाल चालु भइरहेका सवारी साधनका नम्बर प्लेटमा अङ्क र अक्षर दुवै नेपाली भाषामा लेखिएका छन् । कुनै अञ्चलका र कुनै प्रदेश जनाउने नम्बर प्लेट चालु नै छन् । जस्तै : अञ्चल अनुसार बा. ... प ... र प्रदेश अनुसार वाग्मती प्रदेश-०२ ... प ... (चार अङ्कमा नै छन्) ।

यी नम्बर प्लेटमा केवल चिप्स र झन्डा छैन, अरू सबै कुरा छन् । नेपाली भाषाका नम्बर प्लेटधारी सवारीसाधन सडकमा गुड्दा नेपाल र नेपालीको पहिचान झल्किएको हुन्छ र झल्किइरहेको छ । नेपाली नागरिकले सडकमा गुड्ने सवारी साधनमा आफ्नो भाषा सललल नदीझैँ बहेको छ, मनै आलोकित र प्रफुल्ल हुन्छ ।

**नेपाली भाषाको प्रयोग गर्न सकिँदैन ?**

अरू देशमा यस्तो इम्बोस्ड नम्बर प्रयोग गरे पनि भाषा भने आफ्नै राखेका छन् भनिन्छ र कतै देखिएको पनि छ । जस्तो : चीन, रुस, जापान, अरबियन मुलुकमा इम्बोस्ड नम्बर प्लेटमा आफ्नै भाषाका अङ्क र अक्षर प्रयोग गरेका हुन्छन् अरे । ती देशले आफ्नै भाषामा अङ्क र अक्षर राख्न सक्दा नेपालमा नेपाली अङ्क अक्षर राख्न न सकिने हो र ? नसकिने भए ती देशले कसरी राखे त ? ती देशले आफ्नो भाषा राखेर काम त भइराखेको छ । नेपालमा नहुने भन्ने हुन्छ होला र ? अथवा सबै चिज अंग्रेजीमा नै राख्नुपर्छ भने पनि ती अंग्रेजी अङ्क अक्षरका तलमाथि या यताउता नेपाली अङ्क अक्षर राख्दा हुने थिएन र ? राख्न सकिन्थ्यो तर किन यसप्रति चासो राखिएन ?

नेपालको सडकमा गुड्ने सवारी-साधनमा नेपाली भाषा हटाएर अंग्रेजी भाषाका नम्बर प्लेट किन राखियो ? हामी विकसित भयौँ भनेर होला कि ? हाम्रो विकासको उपलब्धि यही हो भने र होला कि ? नेपाली भाषाका नम्बर प्लेट राख्दा असभ्य हुने भइयो भनेर पो हो कि ? नेपाली भाषा कम्प्युटर र सीसी क्यामेराले पढ्दैन भनेर होला कि ? नेपाली भाषा फालेर अंग्रेजी भाषाको प्रवर्द्धन गर्न प्रभावैमा परेर होला कि ? के नेपाली भाषामा इम्बोस्ड नम्बर प्लेट राख्नै सकिँदैन र पो हो कि ? वास्तवमा के कुरा होला ? सामान्य नेपालीलाई यसको कारण थाहा छ होला ?

सवारीका बारेमा सूचना दिने चिप्समा भएको सेन्सरले होला । जहाँ माथि भनिएका विवरणभित्र नदेखिने गरी स्वचालित रूपमा संग्रह भइरहेका हुन्छन् । ती विवरण चिप्समार्फत नेपाल प्रहरी वा सम्बन्धित निकायका कम्प्युटरमा जानकारी गराइरहेकै हुन्छ । त्यसैगरी सीसी क्यामेराले फोटो खिच्ने हो, खिचिरहन्छ । सीसी क्यामराले नेपाली भाषाका अङ्क अक्षरको फोटो नखिच्ने होइन ।

यो लेख र लेखनको मनसाय नेपालमा इम्बोस्ड नम्बर प्लेट नराख्ने भन्ने होइन, राख्नुपर्दछ । वास्तवमा यो इम्बोस्ड नम्बर प्लेट लागु गर्न धेरै अबेला भइसक्यो । माथिका कुराले सरकारको कामको आलोचना गरेको होइन, यो लेखको मनसाय नेपाली सवारी-साधनका इम्बोस्ड नम्बर प्लेटमा अंग्रेजी भाषाको सट्टा नेपाली भाषामै पनि राख्न सकिन्छ भन्ने हो । यसले गर्दा नेपालको राष्ट्रियता बलियो हुने र नेपाली इज्जत उच्चा हुने थियो भन्ने मात्र हो ।

सामान्य नेपालीले आफ्नो धारणा र विचार राख्ने भनेको प्रेस र हालका सामाजिक सञ्जाल हुन्, तर सरकारले सामान्य नागरिकको भनाइ लर्तरो तरिकाले सुन्दैन । बिनाआन्दोलन सरकारले नागरिकका कुरा सुनेको इतिहासै छैन भने पनि हुन्छ । एकछिनलाई भनौँ कि सरकारले नागरिकका कुरा सुनेजस्तो गर्छ, तर लागु नै गर्दैन । सरकार भनेको अमूर्त हो । मूर्त रूपमा काम गर्ने त मान्छे नै हुन् । तिनको मनमा के लाग्छ, त्यही गर्छन् । आखिर सरकारमा रहने मान्छे र कर्मचारी पनि नेपाली नै हुन् । यस्तो नेपाली भाषा र नेपालीपनको मानमर्दन हुने काम किन गरियो होला भन्ने चासो मात्र हो ?

**कानुनमा के छ ?**

सवारी तथा यातायात व्यवस्था ऐन २०४९ हालसम्म १० पटक (दुईपटक आफैँ र आठपटक केही नेपाल संशोधन गर्ने ऐनले) संशोधन भएको देखिन्छ । यो ऐनको सवारी नम्बर प्लेट भनेको ठाउँमा केवल सवारी नम्बर भनेको छ । इम्बोस्ड नम्बरको कुरा कतै गरेको छैन । सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ संशोधन हुँदै २०८० असार २५ सम्म नौपटकसम्म संशोधन भएछ ।

यो नियमको अनुसूचीमा सवारीको प्रदेश अनुसार लागु गर्ने नम्बर र नम्बर प्लेटको कुरा गरेको छ, तर इम्बोस्ड नम्बरको कुरा छैन ।

बजेट भाषणमा भने २०७४ देखि इम्बोस्ड नम्बर प्लेटको कुरा गरेको पाइन्छ, तर २०८० सम्मको नियमावलीमा पुरानै नम्बर प्लेटको कुरा गरेको छ । यहीँनेर केही ग्याप देखिन्छ । यस सम्बन्धमा सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को अनुसूची २ को संख्या १४ ले दिएको अधिकार प्रयोग गरी इम्बोस्ड नम्बर प्लेट लागु गर्न सकिने सूचना २०७८ कात्तिकमा नेपाल राजपत्रमा सूचना प्रकाशित भएको छ । सूचनाको कपी राजपत्र तल दिइएको छ । यसरी २०७८ सालमा इम्बोस्ड नम्बर प्लेटको सूचना निकाल्दा २०८० को नियमावलीमा त्यसबारे केही बोलेको पाइँदैन । यस विषयको ग्याप भनेको यही हो ।

**इम्बोस्ड नम्बर प्लेटमा विवाद**

नेपाली सवारी-साधनका इम्बोस्ड नम्बर प्लेटमा नेपाली अङ्क अक्षर राख्ने कि अंग्रेजी अङ्क अक्षर राख्ने भन्ने विषयको विवाद संसद, सरकार हुँदै आदेश दिने निकायसम्म पुगेछ ।

*बाँकी चार पृष्ठमा*







## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

*नेपाली सवारी ...*

लामै समय विवाद चलेपछि इम्बोस्ड नम्बर प्लेट लागु गर्ने सम्बन्धमा यातायात व्यवस्था विभागले भनेछ– नेपाली भाषामा इम्बोस्ड नम्बर बनाउने कम्प्युटर प्रणाली नेपाल सरकारसँग छैन । तसर्थ अङ्ग्रेजी भाषामै बनाउनुपर्ने बाध्यता रहेको उल्लेख गर्दै अङ्ग्रेजी भाषाकै इम्बोस्ड नम्बर प्लेट लागु गर्न थालेछ । यस विरुद्धमा सर्वोच्च अदालतमा रिट परेछ र अदालतले अंग्रेजी भाषामा इम्बोस्ड नम्बर प्लेट कार्यान्वयन नगर्न २०७७ फागुनमा अन्तरिम आदेश जारी गरेछ । अन्तरिम आदेशपछि विभागले पुरानै शैलीमा हस्तलिखित नम्बर प्लेटको वितरण गर्न थाल्यो । इम्बोस्ड नम्बर प्लेट लागु गर्नमा फेरि अन्योल भयो ।

यातायात व्यवस्था विभागको अर्को भनाइ छ, 'हामीले सार्क मुलुकमा निर्बाध रूपमा आवतजावत गर्न सम्झौता गरेका छौं । त्यस कारणले पनि अंग्रेजीमै नम्बर प्लेट चाहिन्छ भनेका हौं । भोलि नेपाली गाडी बंगलादेश गयो भने कसले नेपालीमा लेखेको चिन्छ ?'

विभागको भनाइमा के अपव्याख्या देखिन्छ भने सार्क मुलुकभित्र निर्बाध आवतजावत त मानिसले गर्ने हो, सवारीका साधनसहित गर्ने भनेको होला र ? फेरि बंगलादेश गाडी लिएर जान भारत हुँदै जानुपर्छ । भन्सार बिन्दुबाट गाडी पास गर्दा त्यो गाडीलाई त्यहीको सरकारले अस्थायी नम्बर दिएर प्रवेश आज्ञा दिइन्छ । यो कुरा सबै बिर्सेर बंगलादेशमा नेपाली गाडी गयो भने कसले चिन्छ भन्ने ? कति लाजमर्दो तर्क । नेपालको विशिष्ट भाषा, संस्कार र संस्कृतिमा यस्ता वाहियात तर्कले नोक्सान मात्र गर्दछ ।

अन्ततोगत्वा सरकारले इम्बोस्ड नम्बर प्लेट लागु त गर्नैपर्छ । तसर्थ सरकारले २०७८ सालमा नेपाल राजपत्रमा सूचना प्रकाशित गऱ्यो र इम्बोस्ड नम्बर लागु गर्न काम सुरु गऱ्यो । फेरि अदालतमा रिट पऱ्यो, धेरै बहस पैरवी र आवतजावतपछि सरकारले लागु गर्न खोजेको इम्बोस्ड नम्बर प्लेट लागु गर्न अदालतले सदर गऱ्यो, यसरी लागु भयो नेपालमा अंग्रेजी भाषामा इम्बोस्ड नम्बर प्लेट ।

यो इम्बोस्ड नम्बरले हाल चलनमा रहेका २३ किसिमको नम्बर प्लेटलाई जम्मा पाँच किसिममा ल्याएको छ–१) राष्ट्रपतिको सवारीमा हल्का निलो रङ हुँदै तल गाढा निलो रङको इम्बोस्ड नम्बर प्लेट । २) सार्वजनिक वा भाडाका सवारीमा पहेँलो प्लेटमा काला अक्षर । ३) निजी सवारीमा सेतो प्लेटमा कालो अक्षर । ४) सरकारी सवारीमा सेतो प्लेटमा रातो अक्षर । ५) कूटनीतिक सवारीमा सेतो प्लेटमा निलो अक्षर रहनेछन् ।

वास्तवमा जसरी नेपाली वर्णविन्यासलाई परिवर्तनबाट शिथिल र बेढङ्गको पार्न एउटा समूहले जहाँ-जहाँ र जति-जति खेल खेल्यो, त्यही समूहले यो इम्बोस्ड नम्बर अंग्रेजी भाषामै लेखाउन पनि त्यस्तै-त्यस्तै ठाउँमा गएर खेल खेलेर सफल भएको छ । वर्णविन्यास परिवर्तन र शिथिल गर्न गरिएको खेल त सर्वोच्च अदालतको आदेशले हाललाई खारेज गरिदियो । धन्न हाललाई नेपाली भाषा बिग्रनबाट बच्यो । यो इम्बोस्ड नम्बरको खेल पनि पुनरवलोकन गरी खारेज गराउनु अत्यावश्यक नै छ । नत्र भोलिका दिनमा नेपाली सडकमा नेपाल र नेपाली भाषा हराउँदै जानेछ ।

२०७९ पुसमा पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा सरकार बन्यो । त्यसमा नारायणकाजी श्रेष्ठ भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री बने २०७९ माघमा । यो इम्बोस्ड नम्बर प्लेटमा नेपाली अङ्क अक्षर राख्न सकिन्छ कि यस विषयमा म केही पहल गर्छु भन्ने थियो, तर केही दिनमै उहाँ मन्त्रालयमा सरुवा हुनुभयो । यो मन्त्रालयमा महासेठलाई ल्याइयो त्यसपछि यस विषयले केही चर्चा नै पाएन । अब पौडेलको पालो आएको छ, उहाँको यस विषयमा सोचाइ के होला ? हेर्न बाँकी नै छ ।

हालै बंगलादेशको आन्दोलनले सबै मुलुकका सरकारलाई जनताको आवाज सुन्न र जनचाहना अनुसार काम गर्न एउटा गतिलो पाठ सिकाएको छ । यो विषयमा नेपाल सरकारले पनि ध्यान दिन जरुरी छ । कतै यही र यस्तै विषयले नेपाल सरकारलाई असजिलो नहोस् । बेलैमा चेतना भया ।

अन्त्यमा, कतिपय नेपाली नेपाली भाषा पढ्न त नसक्नेछन् भने अङ्ग्रेजी जान्ने कुरै भएन । सवारी साधनले कुनै दुर्घटना गरेमा वा चोरी, तस्करी गरेमा सोको जानकारी दिनुपरेमा सामान्य नागरिकलाई नेपालीमा नम्बर भए पढ्न सक्छन् र अंग्रेजी नजान्नेले पनि नम्बर पढ्न सक्छन् । त्यसैले मेसिनले पढ्ने चिप्समा अङ्ग्रेजीमा विवरण राख्ने र बाहिर देखिनेमा सोही बेहोराका कुरा नेपालीमा लेख्ने पक्कै सकिन्छ होला । यो नै राष्ट्र र राष्ट्रियताको हितमा हुन्छ । नेपालको राष्ट्रिय पहिचान सकिन्छ, उचो बनाऊँ सकिँदैन गिराउने काम नगरौं ।

रातोपाटीबाट

# कोशी प्रदेशको नाम खारेजीका लागि आन्दोलन परिचालन समिति गठन

**राजविराज**/जनता समाजवादी पार्टी नेपालले कोशी प्रदेशको नाम खारेजीको लागि आन्दोलन परिचालन एवं समन्वय गर्न ९ सदस्यीय संघर्ष समिति गठन गरेको छ ।

जसपा नेपाल कार्यकारिणी समिति सदस्य एवं पूर्व शान्तिमन्त्री रकम चेम्जोङको संयोजकत्वमा सो आन्दोलन परिचालन समिति गठन गरेको हो ।

संघर्ष समितिको सदस्यमा जसपा नेपाल प्रदेश नं. १ का अध्यक्ष दिपक याख्या, विदेश इन्चार्ज डा. केके राई, संगठन विभाग सचिव लाक्पा शेर्पा, पहिचानवादी नेताहरु राजकुमार राई, जयराम यादव, सशी लिङदेन, कुन्ता राई र मच्छिन्द्र वेगा छन् ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले कोशी प्रदेश नामाकरणको विरुद्धमा भईरहेको राष्ट्रिय पहिचानको आन्दोलनलाई समन्वय गरि आन्दोलनलाई निर्णायक तहमा पुऱ्याउन उक्त समिति घोषणा गरिएको जानकारी दिए ।

आदिवासी, जनजाति समुदायमा रुचाईएका र पहिचानवादी समुदायहरुबीच समन्वय गर्न सक्ने तथा आन्दोलनलाई परिणामसम्म पुऱ्याउन सक्ने क्षमता भएकोले चर्चित नेता चेम्जोङलाई आन्दोलनको कमाण्डर तोकिएको अध्यक्ष यादवको भनाई छ ।

यही साउन २७ गते सुरु भई ३० गते ललितपुरको साना गाउँमा सम्पन्न चार दिवसीय जसपा नेपालको केन्द्रीय समिति बैठकले उक्त संघर्ष समिति घोषणा गरेको थियो । यद्यपि, केही सदस्यहरुको नाम थपेर बिहिबार समितिले पूर्णता पाएको हो ।

# मधेशका ८ राज्यमन्त्री पदमुक्त

**राजविराज**/मधेश प्रदेश सरकारले ८ जना राज्यमन्त्रीलाई पदमुक्त गरेको छ । मुख्यमन्त्री सतिशकुमार सिंहले मधेश प्रदेशमा १२ मन्त्री र ८ जना राज्यमन्त्री गरेर २० जना मन्त्री बनाएपछि चौतर्फी आलोचना भइरहेकोको बेला राज्यमन्त्रीहरुलाई पदमुक्त गरिएको हो ।

नेकपा (एमाले) का तीन, नेपाली कांग्रेस र जनमतका दुई/दुई जना र लोसपाका एक राज्यमन्त्री थिए । अब भने मधेश प्रदेश सरकारमा कांग्रेसका चार, एमालेका चार, जनमतका मुख्मयन्त्रीसहित तीन र लोसपाका एक जना गरी १२ जना मन्त्री छन् ।

प्रदेश सरकारप्रति यसै पनि आमरूपमा गलत धारणा फैलिइरहेका बेला ८ जना राज्यमन्त्री नियुक्त गरेको भन्दै सत्तारूढ नेपाली कांग्रेसका नेताहरू शेखर कोइराला, नैनसिंह महरलगायतले केन्द्रीय समिति बैठकमै आलोचना गरेका थिए । सोही विषयमा जनमत पार्टीले मुख्यमन्त्री सिंहलाई स्पष्टीकरण समेत सोधेको थियो ।

# पर्खाल झर्दा महिला च्यापिएर महिला मजदुरको मृत्यु

**राजविराज**/पर्खाल झर्दा च्यापिएर राजविराजमा एक महिला मजदुरको मृत्यु भएको छ । मृत्यु हुनेमा राजविराज ९ मलेठ निवासी ४० वर्षिया उर्मिला महतोको छिन् ।

प्रहरीका अनुसार राजबिराज ५ बस्ने राजाराम दासको घरको पर्खाल प्लास्टर गर्ने क्रममा पर्खाल झरी टाउको, हात र शरीरको विभिन्न भागमा चोट लागेको थियो ।

गम्भिर घाइते भएकी उनलाई तत्काल उपचारका लागि छिन्नमस्ता अस्पतालमा भर्ना गर्दा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।






# देशव्यापी पार्टी बनाउने अध्यक्ष राइको घोषणा

**राजबिराज**/जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राईले पार्टीका इमान्दार कार्यकर्ताहरु आफूहरुका साथमा रहेकाले छिट्टै देशव्यापी पार्टी बनाउने घोषणा गरेका छन् ।




राजविराजमा आयोजित जिल्ला कार्य समितिको घोषणा सभा कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो घोषणा गरेका हुन् ।

सम्बोधनकै क्रममा अध्यक्ष राईले हिमाल, पहाड, तराई सबै ठाउँमा पार्टीप्रति आकर्षण बढेको दाबीका साथ निर्धक्क भएर पार्टी निर्माण र जनताको सेवामा जुट्न कार्यकर्ताहरुलाई निर्देशन पनि दिए । उनले निस्वार्थ भावनाले जनताको चाहना बमोजिम पार्टी निर्माणमा जुट्न कार्यकर्ताहरुलाई आग्रह गरे ।

सोही कार्यक्रममा पार्टीका उपाध्यक्ष तथा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवलकिशोर साहले अवसरवादीहरुलाई छाडेर आफूहरुले निर्माण गरेको संगठनमा अधिकारका लागि लडेका, दुःख पाएका, निस्वार्थ र स्वाभिमानी साथीहरुको साथ रहेको कारण पार्टीको भविष्य उज्जवल रहेको दाबी गरे ।

कार्यक्रममा खानेपानी मन्त्री प्रदिप यादवले आफूहरुले उपेन्द्र यादवलाई नेता मान्दै आएको भएपनि उनमा बढ्दो अंहकार, सत्ता स्वार्थ र तानाशाही प्रवृतीका कारण उनको साथ छोड्नु परेको खुलासा गरे । "उपेन्द्रले हालसम्म पार्टीलाई प्राइभेट लिमिटेड कम्पनीको रुपमा चलाए, उनले भने -सत्ता बिना बस्नु पर्दा पानी बिना माछा जस्तो छटपटी देखाए ।"

उपेन्द्र नेतृत्वको पार्टीलाई सत्ता स्वार्थीहरुको पसलको संज्ञा दिंदै उनले अबको केही दिनपछि नै सो पसल बन्द हुने दाबी समेत गरे । जसपा नेतृत्वको ६/६ वर्षसम्म मधेश प्रदेशमा सरकार हुँदा जनताले सरकारको अनुभुति गर्न नपाएको र योजनाहरु १० प्रतिशत लिएर खुलेआम बजारमा बिक्रि हुने गरेको उनले खुलासा समेत गरे ।

सत्यनारायण यादवको नेतृत्वमा जसपा जिल्ला कार्यसमिति, शिवम यादवको नेतृत्वमा जसपा युवा समाजवादी समिति तथा अनुराधा साहको नेतृत्वमा महिला समाजवादी जिल्ला कार्यसमिति सप्तरी गठन गरिएको घोषणा उक्त कार्यक्रममा गरिएको थियो ।

सो अवसरमा पार्टीका सहअध्यक्ष रेणु यादव, महासचिव इस्तियाक राइन, मधेश प्रदेश अध्यक्ष अशोक यादव, केन्द्रिय सदस्य राजकिशोर यादव, बिनोद चौधरी लगायतले पनि बोल्दै उपेन्द्र यादवले पार्टीलाई प्राइभेट लिमिटेड र सिन्डिकेटको रुपमा चलाएको भन्दै चर्को आलोचना गर्दै सोही कारणले आफूहरु अलग भएको बताएका थिए ।

## च्यारिटी ट्रष्ट सेवा भवनको शिलान्यास

**राजविराज**/राजविराजमा जानकी अयोधी मञ्जु डा. चिरञ्जीवी च्यारिटी ट्रष्ट सेवा भवन निर्माण कार्यको शिलान्यास गरिएको छ ।

राजविराज वडा नं. १६ बोरियामा बिहीबार ट्रष्टका मुख्य संस्थापक डा. चिरञ्जीवी लाल देवले ट्रष्टलाई दान गरेका डेढ कट्ठा जग्गामा सो सेवा भवनको शिलन्यास गरे ।

ट्रष्टको सेवा भवनबाट आईएनटी तथा अर्थोपेडिक क्लिनिक सेवा, बृद्धाश्रम सेवा, धर्मशाला सुविधा, विश्रामालय सेवा, खानेपानी सुविधा, विपद् पीडितलाई राहत, प्राथमिक उपचार सेवा, असहायलाई मानवीय सहायता, वाचनालय सुविधा, पर्यावरण शिक्षा सेवा उपलब्ध गराइने जनाइएको छ ।

राजविराज-सखडा रोडसँगै रहेको उक्त जग्गामा प्रतिष्ठित समाजसेवीहरूको उपस्थितिमा ट्रष्टका संस्थापक डा. देवले शिलापूजन गरे ।



अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी

## अन्तर्राष्ट्रिय समाचार

### सहकर्मी हत्याको विरोधमा भारतीय डाक्टरहरु देशव्यापी हडतालमा

**नयाँदिल्ली**/सहकर्मीको "बर्बर" बलात्कार र हत्यापछि विरोधलाई बढावा दिँदै भारतीय डाक्टरहरूले शनिबार राष्ट्रव्यापी हडताल गरेका छन् । जसले महिलाविरुद्ध हिंसाको पुरानो मुद्दामा आक्रोश फैलाएको छ ।

पूर्वी सहर कोलकाताको एक सरकारी अस्पतालमा अगस्ट ९ मा ३१ वर्षीया डाक्टरको रगतले लतपतिएको शव प्राप्त भएपछि देशव्यापी विरोध प्रदर्शन सुरु भएको हो ।

हड्तालको नेतृत्व डाक्टर तथा स्वास्थ्य सेवाकर्मीहरूले गरेका भने दशौं हजार साधारण पनि कारबाहीको माग गर्दै हड्तालमा सहभागी भएका छन् ।

प्रदर्शनकारीहरुले "निको हुने हातबाट रगत बग्न हुँदैन", "इन हफ इज इन अफ" "बलात्कारीलाई फाँसी दे" आदी लेखेका प्लेकार्डहरु बोकेका थिए ।

मृतक डाक्टरको सव शिक्षण अस्पतालको सेमिनार हलमा फेला पारिएको थियो । शवपरीक्षणले यौन उत्पीडनको पुष्टि गरेको छ भने अदालतमा दर्ता गरेको जायरीमा पीडितका आमाबाबुले छोरीलाई सामूहिक बलात्कार गरिएको आशङ्का गरेको उल्लेख छ ।

कोलकाताको प्रहरीले उक्त मुद्दालाई गलत तरिकाले लिएको आरोप लगाई उच्च अदालतले "जनताको विश्वास जगाउन" अनुसन्धानलाई भारतको शीर्ष केन्द्रीय अनुसन्धान ब्यूरोमा हस्तान्तरण गरेको छ ।

'न्यायका लागि सरकारी र निजी दुवै मेडिकल युनियनहरूले हड्ताललाई समर्थन गर्दै सोमबार सरकारी अस्पतालमा ओ पि डी सेवाहरु "अनिश्चितकालका लागि रोकेका थिए ।

इन्डियन मेडिकल एसोसिएसन (आइएमए) ले शनिबार सेवाहरू फिर्ता" र सबै गैर-आवश्यक प्रक्रियाहरू निलम्बन गरेर विरोध प्रदर्शन बढाएको छ ।

आइएमएले उक्त हत्यालाई "बर्बर" हत्याको संज्ञा दिएको छ । हड्तालमा संलग्न डाक्टरहरूले स्वास्थ्य सेवाकर्मीहरूलाई हिंसाबाट जोगाउन केन्द्रीय सुरक्षा ऐन लागु गर्न माग गरिरहेका छन् । हडतालले नियमित स्वास्थ्य सेवा प्रवाहसमेतमा बाधा पुर्‍याएको छ । एजेन्सी

### गाजामा एकै परिवारका १५ सदस्यको इजरायली हमलामा मृत्यु

**प्यालेस्टिनी क्षेत्र**/गाजाको नागरिक सुरक्षा विभागले शनिबार बिहान इजरायली हवाई आक्रमणमा नौ बालबालिका र तीन महिलासहित प्यालेस्टिनी परिवारका १५ सदस्यको मृत्यु भएको बताएको छ ।

मध्य गाजाको अल-जावैदामा रहेको अज्लाह परिवारको घरमा आक्रमण भएको नागरिक सुरक्षा प्रवक्ता महमुद बस्सलले बताउनुभयो । इजरायली सेनाले यस घटनाबारे कुनै टिप्पणी गरेको छैन ।

"अल-जावैदाको अज्लाह परिवारको घर र गोदाममा भएको इजरायली आक्रमणबाट १५ जनाको मृत्यु भएको छ", बस्सलले भन्नुभयो ।

उद्धारकर्ताले आक्रमणबाट क्षतिग्रस्त घरको भग्नावशेषबाट शव निकाल्दा अहमद अबु अल-घौलले भन्नुभयो,"तिनवटा रकेटहरू सिधै घरमा खसेको थियो । भित्र बालबालिका र महिला थिए । उनीहरुको के दोष थियो ?"

इजरायल र हमासबिच १० महिना भन्दा बढी चलिरहेको युद्धले गाजाको विशाल भूभागलाई भग्नावशेष बनाएको छ । एजेन्सी

### चीनको युवा बेरोजगारी दरमा वृद्धि

**बेइजिङ**/चीनको युवा बेरोजगारी दर जुलाई महिनामा बढेर १७.१ प्रतिशत पुगेको आधिकारिक तथ्याङ्कले देखाएको छ जुन यस वर्षकै सबैभन्दा उच्च हो ।

राष्ट्रिय तथ्याङ् विभागको तथ्याङ अनुसार १६-२४ वर्ष उमेर समूहका मानिसहरुको बेरोजगारी दर जुन महिनामा १३.२ प्रतिशत रहेको थियो ।

युवाहरूमा बढ्दो बेरोजगारी विश्वको अर्थतन्त्रले सामना गरिरहेको अवरोधहरू मध्ये एउटा हो । एनबीएसले सार्वजनिक गरेको तथ्याङ्ग अनुसार देशमा २५-२९ वर्ष उमेरका युवामा बेरोजगारी दर अघिल्लो महिना ६.४ प्रतिशतबाट बढेर जुलाईमा ६.५ प्रतिशत पुगेको छ ।

यसै सन्दर्भमा राष्ट्रपति सी जिनपिङले मे महिनामा बढ्दो युवा बेरोजगारीको अवस्थालाई "शीर्ष प्राथमिकता" राखेर अगाडी बढ्नु पर्ने बताउनुभएको छ ।

जुन महिनामा ११.८ मिलियन विद्यार्थीहरूले चीनको विश्वविद्यालयबाट स्नातक गरेसँगै रोजगार बजारमा अझै प्रतिस्पर्धा बढेको छ । एजेन्सी

# सप्तरीमा सडक दुर्घटनामा परि तीनको मृत्यु, एक जनाको शव फेला

**राजविराज**/गत साता सप्तरीमा तीन जनाको सडक दुर्घटनामा मृत्यु हुनुका साथै एक जना अपरिचित व्यक्तिको शव फेला परेको छ ।

पुर्वपश्चिम राजमार्ग अन्तर्गत सप्तरीको कंचनरुप नगरपालिका ३ बरमझियामा शुक्रबार तेल बोकेको ट्याङकर र मोटरसाईकल एकआपसमा ठोकिदा दुई जनाको मृत्यु भएको छ ।

उक्त दुर्घटनामा परि मोटरसाईकल चालक सुनसरीको हरिनगरा गाउँपालिका ३ गौतमपुर वस्ने ४१ वर्षिय महेश कुमार मेहता र पछाडी सवार सोही वडाका ४० वर्षीय जय प्रकाश मेहताको मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले पश्चिमबाट पुर्वतर्फ जादै गरेको नेपाल आयल निगमको को.१ख.प्रदेश १-०२०४७ प १२८० नम्बरको मोटरसाईकल विहान १२ बजे तिर एकआपसमा ठोकिएर सो दुर्घटना भएको जानकारी दिएका छन् ।

यता दुर्घटनामा ट्याङकर चालक सिरहाको कर्जन्हा नगरपालिका ३ निवासी मिथिलेश यादव घाइते भएका छन् । उनको स्थानीय धर्मेश्वर अस्पतालमा उपचार भईरहेको तथा दुर्घट्नाबारे आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यस्तै मंगलबार बिहान पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको शम्भुनाथमा एक ट्रक दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा ट्रक चालक मोरङको उर्लाबारी नगरपालिका १ बस्ने २५ वर्षिय सबिन राई छन् ।

वडा नं. ५ स्थित सो राजमार्गमा पश्चिमबाट पुर्व तर्फ जादै गरेको मधेश प्रदेश-०३-००१ख८१८१ नं. को क्लिङकर लोड गरेको ट्रक पुलबाट तल खस्दा सो दुर्घटना भएको प्रहरीले जनाएको छ ।

यस्तै जिल्लाकै शम्भुनाथ नगरपालिका ३ शम्भुनाथ मन्दिर जाने बाटोमा बुधवार एक अपरिचित पुरुषको शव फेला परेको छ । नाम थर वतन नखुलेको तराई मुलुकको जस्तो देखिने अन्दाजी ५०/५५ को पुरुष व्यक्ति मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# देशभर ९८ प्रतिशत रोपाइँ सम्पन्न

**काठमाडौं**/यस वर्ष देशभर करिब ९८ प्रतिशत रोपाइँ सम्पन्न भएको छ ।

देशभर करिब १४ लाख हेक्टर जमिन धानखेतीका लागि उपयुक्त रहेकामा करिब १३ लाख ७२ हजार हेक्टर जमिनमा धान रोपाइँ सम्पन्न भएको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले जनाएको छ ।

गत आर्थिक वर्ष साउनसम्म करिब ९० प्रतिशत मात्र रोपाइँ भएकामा चालु आर्थिक वर्षको साउनसम्म आठ प्रतिशतले बढेर रोपाइँ सम्पन्न भएको हो । यस वर्ष देशभर राम्रो वर्षा भएकाले पनि रोपाइँ पनि देशभर राम्रोसँग भएको जनाइएको छ ।

धानको उत्पादन बढ्ने प्रक्षेपण गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिएका छन् । उनका अनुसार सुदूरपश्चिम प्रदेशमा शत प्रतिशत धान रोपाइँ गरिएको छ भने कोशी प्रदेशमा अन्य प्रदेशभन्दा कम ९५ प्रतिशत रोपाइँ सम्पन्न भएको तथ्यांक छ । गत आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेशमा ९९ प्रतिशत तथा मधेस प्रदेशमा सबैभन्दा कम ६० प्रतिशत रोपाइँ सम्पन्न भएको थियो ।

आर्थिक वर्ष २०८०/८१ मा धान र चामल गरी रु २१ अर्ब ३४ करोडको आयात गरिएकामा आर्थिक वर्ष २०७९/८० मा रु ३५ अर्ब ९० करोडको आयात गरिएको थियो । अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो आर्थिक वर्षमा करिब रु १३ अर्बले आयात घटेको अभिलेख मन्त्रालयसँग छ ।

यस वर्ष करिब छ प्रतिशतले धानको उत्पादन वृद्धि हुने अनुमान गरिएकाले आयात थप घट्ने प्रक्षेपण गरिएको मन्त्रालयका सूचना अधिकारी जोशीले जानकारी दिए ।

### पालिका भवन ...

समाधानको प्रयास गर्ने, जिल्लामा मदिराजन्य पदार्थको बिक्रि बितरण समय राती ९ बजेसम्म मात्र निर्धारण गर्ने र यसका लागि सुरक्षा समिति मार्फत पहल गर्ने निर्णय भएको छ ।

यस्तै बैठकले पालिकाका प्रमुख प्रशासकीय अधिकृतको सरुवा गर्दा सम्बन्धीत पालिकाका अध्यक्ष/प्रमुखको अनिवार्य सहमति लिनु पर्ने व्यवस्थाका लागि गाउँपालिका/नगरपालिका राष्ट्रिय महासंघ तथा संघीय मामिला मन्त्रालयसँग पहल र सहकार्य गर्ने निर्णय समेत गरेको छ ।

बैठकमा पालिका प्रमुख, उपप्रमुखहरुका साथै जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह तथा उपप्रमुख शम्भुकुमार यादव लगायतको पनि सहभागिता रहेको थियो ।

# छिन्नमस्ता मन्दिर समिति विघटन

**राजविराज**/छिन्नमस्ता भगवती मन्दिर संरक्षण सम्वर्द्धन समिति अर्को व्यवस्था नहुन्जेल सम्मका लागि विघटन गरिएको छ ।

नयाँ विधान दर्ता भई कार्यान्वयन नहुन्जेलसम्मका लागि मन्दिरको दैनिक कार्य संचालन तथा पूजापाठ व्यवस्थापनका लागि गुठियार अविनाश कुमार प्याकुरेल, मन्दिरका पीठाधीश महाकान्त ठाकुर, मूलपूजारी भुवन ठाकुरसहित सम्पूर्ण पुजारीहरु मिलि गर्ने निर्णय गरिएको छ ।

बुधबार प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीको संयोजकत्वमा बसेको जिल्ला सुरक्षा परिषद्को बैठकले सो निर्णय गरेको हो ।

बैठकमा गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरी, वडा नं. ३ का अध्यक्ष बिजयकुमार यादव, गाउँपालिकाका सल्लाहकार तेजनारायण यादव, पीठाधीश ठाकुर, समितिका सचिव बाबुनारायण मण्डल लगायतको उपस्थिति रहेको थियो ।

यसअघि साउन २४ गते मन्दिरका पिठाधीश महाकान्त ठाकुर तथा मन्दिर संरक्षण सम्बर्द्धन समितिका सचिव बाबु नारायण मण्डलले एक प्रेस विज्ञप्ति जारी गर्दै मन्दिर समितीको नियमित कामकाजमा अनावश्यक हस्तक्षेप हुन थालेको गुनासो गरेका थिए ।

### मुख्यमन्त्री सिंहद्वारा ...

आवश्यक सहयोग गर्ने बताए ।

केही समय अगाडि पोखरीको चारै डिलमा पक्की घाटलगायतको संरचना निर्माण गरिएको थियो । मुख्यमन्त्री सिंहले तेलहा धार्मिक आख्यानमा आधारित पोखरीको थप संरक्षणका लागि स्थानीय तहसँग समन्वय गरिने पनि बताए ।

मुख्यमन्त्री सिंहले त्यसअघि शनिबारै बिहान अङ्गराजसर (अरगजा पोखरी) को अवलोकन गरी पोखरीको दक्षिणी डिलमा वृक्षरोपण गर्न सम्बन्धीत निकायलाई निर्देशन समेत दिएका थिए ।

जानकी मन्दिरका महन्थ रामरोशन दासले ५० वर्षभन्दा बढी समयदेखि पोखरी वरपर पसल सञ्चालन भइरहेकाले वैकल्पिक व्यवस्था नहुँदासम्म खाली गराउन कठिन हुने बताए । मुख्यमन्त्री सिंहले जानकी मन्दिर परिसरको समेत अवलोकन गरे ।

# वेवारिसे अवस्थामा गाजा बरामद

**राजविराज**/वेवारिसे अवस्थामा १ सय १५ किलो लागु औषध गाजा प्रहरीले बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय कंचनपुर र इलाका प्रहरी कार्यालय भारदहबाट खटिएको प्रहरी टोलीले सो गाजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

हनुमाननगर कंकालिनी नगरपालिका १ गोलघरस्थित कोशी नदिको किनारमा काठको डुङ्गामा लोड गरि राखेको ८ बोरामा अन्दाजी १ सय १५ किलो गाजा बरामद गरिएको प्रहरीले जनाएको छ ।

बरामद गाजा बारेमा थप अनुसन्धान तथा आवश्यक कानूनी प्रकृयाका लागि प्रक्रिया अगाडी बढाइएको उनको भनाई छ ।




# जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : बलान बिहुल गाउँपालिका, सप्तरी

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*